# प्राक्कालिदासीय संस्कृत नाटक

भीमप्रसाद खतिवडा (विद्यावारिधि)
प्राध्यापक - साहित्य
नेपाल संस्कृत विश्वविद्यालय, पिण्डेश्वर विद्यापीठ
drbkhatiwada@gmail.com

Article History : Received - 25 April 2026, Reviewed - 15 May 2026, Accepted - 19 June 2026
DOI : https://doi.org/10.3126/ss.v4i05.96270

**लेखसार**

पूर्वीय साहित्य-परम्परामा संस्कृत नाट्य-परम्परा अत्यन्त प्राचीनता र विशिष्टताले युक्त देखिन्छ । नाट्यविधाको मूल आधारका रूपमा प्रसिद्ध नाट्यशास्त्रनामक ग्रन्थ, जसका कर्ता परम्पराअनुसार महर्षि भरतमुनि मानिन्छन्, संस्कृत नाटकको वैज्ञानिक तत्त्वाधारलाई निरूपित गर्दछ । पश्चात् कालिदासका नाटकहरू संस्कृत नाट्यपरम्पराकै शिखरका रूपमा प्रसिद्ध भए तापनि, उनका पूर्वकालीन नाटककारहरूको योगदानविना संस्कृत नाट्यपरम्पराको विकासक्रमलाई सम्यक् रूपमा बुझ्न सकिँदैन । कालिदासपूर्वको संस्कृत नाटकको प्रारूप, त्यसको ऐतिहासिक विकासक्रम, प्रमुख नाटककारहरू-जस्तै भास, अश्वघोष तथा शूद्रक र तिनका नाट्यकृतिहरू, शैलीगत विशेषताहरू र नाट्यतत्त्वहरूलाई अनुसन्धानात्मक दृष्टिले विस्तृत विवेचना गरी यस लेखमा प्रस्तुत गरिएको छ ।

**शब्दकुञ्जिका -** नाटक, नाट्यशास्त्र, नाट्यशैली, बीजतत्त्व, रसतत्त्व, साहित्येतिहास ।

## विषयपरिचय

पूर्वीय साहित्य-परम्परामा नाटकले श्रव्यदृश्य काव्यका रूपमा अद्वितीय स्थान ओगटेको छ । नाटक केवल काव्यरूप मात्र नभई वाचिक अभिनय, आहार्य अभिनय, आङ्गिक अभिनय, सङ्गीत तथा नृत्य आदिको सुन्दर समन्वयले बनेको समग्र कलात्मक रूप हो । पौर्वात्य परम्परामा नाटकको उत्पत्ति धर्म, मनोरञ्जन तथा शिक्षण-यी तीन तत्त्वहरूको समन्वयबाट भएको मानिन्छ । नाट्यविधाको आदिग्रन्थका रूपमा प्रसिद्ध नाट्यशास्त्रले नाट्य-परम्पराको वैज्ञानिक स्वरूपलाई व्यवस्थित रूपमा निरूपण गरेको छ । यस ग्रन्थमा नाटकको स्वरूप, प्रकारहरू, पात्रविन्यास, रसभावका तत्त्वहरू, अभिनय-विधान, रङ्गमञ्च-रचना, वेशभूषा तथा सङ्गीत आदि विषयहरूलाई सम्यक् रूपमा प्रतिपादन गरिएको छ ।

कालक्रममा संस्कृत नाट्यपरम्परा अत्यन्त समृद्ध बन्दै गयो, तथापि सामान्यतः संस्कृत नाट्यपरम्पराको उत्कर्ष बिन्दुका रूपमा कालिदासको समय र कालिदासको नाम नै विशेष रूपमा प्रसिद्ध छ । उनका नाटकहरू -जस्तै - अभिज्ञानशाकुन्तलम्, विक्रमोर्वशीयम् तथा मालविकाग्निमित्रम् - यी तीन कृति मात्रले पनि विश्वसाहित्यमा विशिष्ट स्थान ओगटेका छन् । तर, कालिदासको नाट्यवैभवको मूल आधार पूर्वकालीन नाटककारहरूमा नै निहित थियो । यदि ती पूर्वकालीन नाटककारहरू तथा तिनका कृतिहरूको सम्यक् अध्ययन नगरिने हो भने संस्कृत नाट्यपरम्पराको विकासक्रम अपूर्ण नै रहने छ ।

संस्कृत साहित्यको विशाल परम्परामा नाट्य-विधा अत्यन्त प्राचीनता, व्यापकता तथा कलात्मक समृद्धिका कारण विशेष प्रतिष्ठित देखिन्छ । काव्यरूपहरूमध्ये महाकाव्य, खण्डकाव्य तथा गद्यकाव्य विभिन्न प्रकारमा पाइए तापनि नाट्य-रूप तीमध्ये सर्वाङ्गसुन्दर, बहुविध कलात्मक तत्त्वले युक्त तथा जन-अनुभवसँग निकट सम्बन्ध राख्ने विधाका रूपमा देखिन्छ । नाटक केवल पढ्न योग्य काव्य मात्र नभई दृश्य-श्रव्य माध्यमका रूपमा प्रस्तुत भई मानवका हृदयमा भावानुभूतिको प्रत्यक्ष सञ्चार गर्ने माध्यम हो ।

पौर्वात्य परम्परामा नाटकको उत्पत्तिसम्बन्धी अनेक प्राचीन आख्यान, पुराण-कथाहरू तथा शास्त्रीय व्याख्याहरू प्रचलित छन् । तीमध्ये प्रमुख रूपमा नाटकको उत्पत्ति देवताहरूको क्रीडाका रूपमा, जनताको शिक्षाका लागि तथा मनोरञ्जनका निमित्त ब्रह्माद्वारा निर्माण गरिएको बताइन्छ । यो अवधारणा केवल धार्मिक दृष्टिले मात्र महत्त्वपूर्ण नभई सांस्कृतिक दृष्टिले पनि संस्कृत नाट्य-परम्पराको आदिम स्वरूपलाई प्रकाश पार्दछ । आर्य सभ्यताको आधार मानिने प्राचीन संस्कृतिमा नाटक केवल मनोरञ्जनको साधन मात्र थिएन, बरु लोकशिक्षा, नैतिक मूल्यहरूको संरक्षण तथा सामाजिक व्यवस्थाको सुदृढ माध्यमका रूपमा प्रतिष्ठित थियो । नाटकमार्फत धर्म, अर्थ, काम तथा मोक्ष-यी चार पुरुषार्थहरूको प्रतिपादन सहज रूपमा गर्न सकिने भएकाले प्राचीन विद्वान् वर्गले यसलाई अत्यन्त महत्त्वपूर्ण मानेका थिए । यसैले नाटक यस भूखण्डकै जीवनपद्धतिको अभिन्न अङ्ग बन्न पुगेको हो ।

संस्कृत नाट्य-परम्पराको व्यवस्थित स्वरूपको निर्धारण सर्वप्रथम भरतमुनिद्वारा गरिएको भन्ने मत धेरै विद्वान्हरूले स्वीकार गरेका छन् । उनले रचना गरेको नाट्यशास्त्र संस्कृतनाट्य-परम्पराको मूल आधारभूत ग्रन्थका रूपमा मानिन्छ । यस ग्रन्थमा नाटकका स्वरूप, पात्रविन्यास, रसभाव विचार, अभिनयका प्रकारहरू, वेशभूषा-विधान तथा रङ्गमञ्चीय व्यवस्था आदिको सूक्ष्म विवेचना गरिएको छ । यसका माध्यमबाट नाट्य केवल कला मात्र नभई शास्त्रीय विधिमा आधारित व्यवस्थित साहित्य-प्रकारका रूपमा स्थापित भएको देखिन्छ । यद्यपि कालिदास संस्कृत नाट्यपरम्पराका सर्वोच्च शिखरका रूपमा सर्वत्र मान्यता प्राप्त छन्, तथापि उनका पूर्वकालमा पनि अनेक नाटककार, नाट्यरचनाहरू तथा नाट्य-परम्पराहरू विद्यमान थिए । ती कृतिहरू, तिनको शैली तथा नाट्यदृष्टिकोणको अध्ययन गरेपछि मात्र कालिदासको महत्त्वलाई वास्तविक रूपमा बुझ्न सकिन्छ । यदि पूर्वपरम्पराको समुचित बोध नहुने हो भने उत्तरकालीन विकास अपूर्ण रूपमा मात्र देखिन्छ । प्राक्कालिदासीय संस्कृत नाटक साहित्येतिहासको अत्यन्त महत्त्वपूर्ण विषय हो । यस विषयमा अनुसन्धान गर्दा केवल प्राचीन नाट्य-परम्पराको विकासक्रम मात्र ज्ञात हुँदैन, अपितु सामाजिक जीवन, धार्मिक चिन्तन तथा सांस्कृतिक परिवर्तनहरूको अद्भुत झलक पनि प्राप्त हुन्छ । नाटक समाजको दर्पण हो भन्ने उक्ति प्रसिद्ध छ । त्यसैले प्राचीन नाटकहरूमा तत्कालीन समाजको जीवनपद्धति, नैतिक मूल्य तथा सामाजिक सम्बन्धहरूको स्वरूप स्पष्ट रूपमा अवलोकन गर्न सकिन्छ । प्राक्कालिदासीय नाटकहरूमा विषयवस्तु प्रायः पौराणिक काव्य-महाकाव्यहरूमा आधारित पाइन्छ । विशेषतः रामायण तथा महाभारत जस्ता आख्यानहरूको प्रभाव ती नाटकहरूमा अत्यधिक रूपमा देखिन्छ । यी आख्यानहरूमा नायकनायिकाका चरित्रहरू, युद्ध-प्रसङ्गहरू, प्रेम-कथाहरू तथा राजकीय सङ्घर्षहरू नाटकीय शैलीमा प्रस्तुत गरिन्छन्, जसले दर्शक-श्रोताको मनमा गहिरो प्रभाव पार्दछ । आजको विद्वत् समाजमा प्राक्कालिदासीय नाटकहरूमा विशेषतः भासका नाटकहरू, अश्वघोषको नाट्य-परम्परा तथा शूद्रकको सामाजिक नाट्यदृष्टिकोण विशेष रूपमा चर्चित छन् । यी नाटककारहरू केवल आफ्नै कालका लागि मात्र महत्त्वपूर्ण थिएनन्, अपितु उत्तरकालीन नाटककारहरूका लागि प्रेरणाका स्रोतका रूपमा पनि प्रतिष्ठित भएका छन् ।

**समस्याकथन**

प्राक्कालिदासीय संस्कृत नाटकको अध्ययन गर्दा यस विषयमा अनेक जिज्ञासा तथा समस्याहरू देखा पर्दछन् । संस्कृत नाट्य-परम्पराको विकासक्रम अत्यन्त प्राचीन भए तापनि त्यसको प्रारम्भिक स्वरूप, ऐतिहासिक क्रम तथा प्रारम्भिक नाटककारहरूको यथार्थ समय-निर्धारणका विषयमा विद्वान्हरूका बीच विभिन्न मतभेद पाइन्छन् । विशेषतः कालिदासपूर्वकालीन नाटककारहरू-जस्तै भास, अश्वघोष तथा शूद्रकका कृतिहरूको समय-निर्धारण, तिनको ऐतिहासिकता तथा नाट्यपरम्परामा तिनको स्थान र प्रभावको निरूपण निकै जटिल सन्दर्भ हो । समस्याको यही क्षेत्र अनुसन्धेय छ ।

**शोधसमस्या**

सम्बद्ध अध्ययनका लागि निम्न समस्याहरू उपस्थापित गरिएका छन् -

क. प्राक्कालिदासीय संस्कृत नाटककार र नाटकहरूको स्वरूप केकस्तो छ ?

ख. प्राक्कालिदासीय संस्कृत नाटकहरू विषयवस्तु, कथानक, पात्र-विन्यास तथा रस-भावविधानका दृष्टिले केकस्ता छन् ?

ग. प्राक्कालिदासीय संस्कृत नाटकहरूको उत्तरवर्ती नाटकहरूमा केकस्तो प्रभाव देखिन्छ ?

**शोध-उद्देश्य**

यस अनुसन्धानात्मक अध्ययनका प्रमुख उद्देश्यहरू निम्नलिखित रहेका छन् -

क. प्राक्कालिदासीय संस्कृत नाटककार र नाटकहरूको स्वरूप स्पष्ट पार्नु,

ख. प्राक्कालिदासीय संस्कृत नाटकहरूको विषयवस्तु, कथानक, पात्रविन्यास तथा रस-भावविधानका दृष्टिले अनुशीलन गर्नु,

ग. प्राक्कालिदासीय संस्कृत नाटकहरूको उत्तरवर्ती नाटकहरूमा परेको प्रभावको अनुशीलन गर्नु ।

**शोधसीमा**

कुनै पनि अनुसन्धान निश्चित सीमाभित्र सम्पन्न गरिन्छ । यस अध्ययनमा पनि प्राक्कालिदासीय संस्कृत नाट्य-परम्परालाई केन्द्रमा राखेर अध्ययन गरिएको छ । यस अध्ययनको सीमा मुख्य रूपमा प्राक्कालिदासीय प्रमुख नाटककारहरू-भास, अश्वघोष तथा शूद्रकका प्रमुख नाट्य-कृतिहरूमा सीमित गरिएको छ । यस अनुसन्धानमा उत्तरकालीन नाटककारहरूको विस्तृत विवेचना गरिएको छैन, किनकि त्यसले अनुसन्धानको क्षेत्र अत्यधिक विस्तृत हुने सम्भावना रहन्छ । त्यसैगरी उपलब्ध साहित्यिक स्रोतहरूका आधारमा मात्र अध्ययन गरिएको हुनाले अप्राप्त वा लुप्त कृतिहरूको विवेचना यस अध्ययनको सीमाभित्र पर्दैन ।

## शोधविधि

प्रस्तुत अनुसन्धानात्मक अध्ययनमा मुख्य रूपमा विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ । पुस्तकालयीय अध्ययनको आलम्बनमा तयार गुणात्मक प्रकृतिको यस शोधलेखको पूर्णताका लागि प्राचीन संस्कृत ग्रन्थहरू, नाटकसम्बन्धी शास्त्रीय ग्रन्थहरू तथा आधुनिक विद्वान्हरूका अनुसन्धानात्मक कृतिहरूलाई आधार-सामग्रीका रूपमा

प्रयोग गरिएको छ । साहित्येतिहाससम्बन्धी विभिन्न ग्रन्थहरू, अनुसन्धानपत्रहरू तथा समीक्षात्मक लेखहरूको अध्ययन गरी आवश्यक सामग्री सङ्कलन गरिएको छ।

**संस्कृत नाटकको वैदिक-पौराणिक पृष्ठभूमि**

संस्कृत नाट्य-परम्पराको मूल स्रोत वैदिक तथा पौराणिक साहित्यमा निहित रहेको पाइन्छ । वैदिक साहित्यमा नाटकका प्रत्यक्ष रूपहरू स्पष्ट रूपमा नदेखिए तापनि तिनका बीजतत्त्वहरू अवश्य पाइन्छन । विशेषतः ऋग्वेद, यजुर्वेद तथा सामवेदमा पाइने संवादात्मक सूक्तहरू, स्तोत्र-पाठ तथा यज्ञसम्बन्धी अनुष्ठानहरूमा अभिनय, सङ्गीत तथा नृत्यका प्रारम्भिक तत्त्वहरू निहित रहेका देखिन्छन् । वैदिक कालमा यज्ञानुष्ठानका अवसरमा मन्त्रपाठसँगै सङ्गीत तथा नृत्यको प्रयोग गरिने परम्परा विद्यमान थियो । यस्ता धार्मिक अनुष्ठानहरूले नाट्य-कला विकासका लागि प्रारम्भिक आधार तयार पारेका थिए ।

त्यसैगरी वैदिक साहित्यमा पाइने संवादसूक्तहरू, - जस्तै यम-यमी संवाद, उर्वशी-पुरूरवा संवाद आदि- नाटकीय शैलीका प्रारम्भिक उदाहरणका रूपमा लिन सकिन्छ । पौराणिक साहित्यमा नाटकको उत्पत्तिसम्बन्धी विस्तृत आख्यान पाइन्छ । पौराणिक परम्पराअनुसार देवताहरूको आग्रहमा ब्रह्माद्वारा नाट्यवेद निर्माण गरिएको मानिन्छ । कथानुसार देवताहरूले ब्रह्मासँग मनोरञ्जन तथा शिक्षणका लागि नयाँ काव्यरूपको आवश्यकता व्यक्त गरेपछि ब्रह्माले चारै वेदका तत्त्वहरू सङ्कलन गरी नाट्यवेदको निर्माण गरेका थिए । ऋग्वेदबाट पाठ, सामवेदबाट गीत, यजुर्वेदबाट अभिनय तथा अथर्ववेदबाट रसतत्त्व ग्रहण गरी नाट्यवेदको रचना गरिएको भन्ने पौराणिक मान्यता प्रसिद्ध छ । यसप्रकार नाटक केवल मनोरञ्जनको साधन मात्र नभई शिक्षण, नैतिकता तथा सामाजिक जीवनलाई मार्गदर्शन गर्ने माध्यमका रूपमा स्थापित भएको देखिन्छ । पौराणिक परम्परामा नाटकलाई देवताहरूको क्रीडाका रूपमा पनि वर्णन गरिएको पाइन्छ । यसले नाट्यकलाको पवित्रता तथा सामाजिक महत्त्वलाई विशेष रूपमा प्रकाश पार्दछ । नाट्यशास्त्रमा वर्णित नाट्योत्पत्तिको कथा अनुसार भरतमुनिले देवताहरूको निर्देशनमा प्रथम नाट्यप्रयोग सम्पन्न गरेका थिए । यस प्रसङ्गले नाट्य-परम्पराको प्राचीनता तथा धार्मिक सम्बन्धलाई स्पष्ट रूपमा सङ्केत गर्दछ ।

**संस्कृत नाटकको प्रारम्भिक विकास**

संस्कृत नाट्यपरम्पराको प्रारम्भिक विकासक्रम अत्यन्त रोचक तथा ऐतिहासिक दृष्टिले महत्त्वपूर्ण रहेको देखिन्छ । वैदिक तथा पौराणिक पृष्ठभूमिमा निहित नाटकका बीज-तत्त्वहरू क्रमशः विकसित हुँदै व्यवस्थित नाट्योपकरणका रूपमा स्थापित भएका हुन् । प्रारम्भिक कालमा नाटक धार्मिक अनुष्ठान तथा सांस्कृतिक उत्सवहरूसँग सम्बन्धित रहेको पाइन्छ । विभिन्न यज्ञ, पर्व तथा उत्सवका अवसरमा गीत, नृत्य तथा अभिनयको प्रयोग गरिने परम्परा क्रमशः विकसित हुँदै गयो । यिनै गतिविधिहरूले नाट्यकलाको आधार निर्माण गरेका थिए । समयक्रममा धार्मिक अनुष्ठानहरूमा सीमित रहेको अभिनय-परम्परा विस्तार हुँदै लौकिक जीवनसँग पनि सम्बन्धित हुन थाल्यो । सामाजिक जीवनका विविध पक्षहरू—जस्तै विवाह, युद्ध, उत्सव तथा अन्य सामूहिक क्रियाकलापहरू -नाटकीय रूपमा प्रस्तुत गरिन थाले । यसरी नाटक क्रमशः धार्मिक सीमाबाट बाहिर निस्केर सामाजिक जीवनको अभिन्न अङ्गका रूपमा विकसित हुन पुग्यो । संस्कृत नाटकको प्रारम्भिक विकासमा लोकपरम्पराको पनि महत्त्वपूर्ण योगदान रहेको पाइन्छ ।

लोकगीत, लोकनृत्य तथा लोकनाटकहरूका माध्यमबाट अभिनयकला जनसामान्यबीच लोकप्रिय हुँदै गयो । यिनै लोकपरम्पराहरूले संस्कृत नाट्यपरम्परालाई जीवन्त तथा सशक्त बनाउन विशेष भूमिका निर्वाह गरेका थिए। नाट्यशास्त्रको निर्माणपश्चात् संस्कृत नाट्यपरम्पराले व्यवस्थित तथा वैज्ञानिक स्वरूप प्राप्त गरेको देखिन्छ। यस ग्रन्थले नाट्यरचना, अभिनयविधान तथा रंगमञ्चीय व्यवस्थाका स्पष्ट नियमहरू निर्धारण गरी नाट्य-कलालाई शास्त्रीय आधार प्रदान गरेको थियो । यसरी प्रारम्भिक कालदेखि नै संस्कृत नाट्यपरम्परा क्रमशः विकसित हुँदै सशक्त साहित्यिक विधाका रूपमा स्थापित भएको देखिन्छ। यस विकासक्रमले नै उत्तरकालीन नाटककारहरूका लागि सुदृढ आधार प्रदान गरेको थियो।

**प्राक्कालिदासीय प्रमुख नाटककार र तिनका नाटकहरू**

संस्कृत नाट्यपरम्पराको विकासक्रममा कालिदासपूर्वको काल विशेष महत्त्वपूर्ण मानिन्छ । यस कालमा अनेक प्रतिभाशाली नाटककारहरूको उदय भएको पाइन्छ, जसले संस्कृत नाट्यपरम्परालाई समृद्ध बनाउन महत्त्वपूर्ण योगदान दिएका थिए । यस कालका प्रमुख नाटककारहरूमा विशेषतः भास, अश्वघोष तथा शूद्रकको नाम अत्यन्त सम्मानका साथ लिइन्छ । यिनीहरूले रचना गरेका नाटकहरूले संस्कृत नाट्यपरम्परालाई समृद्ध, विविधतापूर्ण तथा प्रभावशाली बनाउन उल्लेखनीय भूमिका खेलेका छन। यी नाटककारहरू केवल आफ्नै समयका लागि मात्र महत्त्वपूर्ण थिएनन्, अपितु उत्तरकालीन नाटककारहरूका लागि प्रेरणाका स्रोतका रूपमा पनि स्थापित भएका थिए । विशेषतः कालिदासजस्ता महान् नाटककारहरूको नाट्यसृजनाको परम्परामा पनि पूर्वकालीन नाटककारहरूको प्रभाव स्पष्ट रूपमा देखिन्छ।

**नाटककार भास - व्यक्तित्व र कृतित्व**

प्राक्कालिदासीय संस्कृत नाटककारहरूमध्ये भासलाई अत्यन्त महत्त्वपूर्ण स्थान प्रदान गरिएको छ। संस्कृत नाट्यपरम्पराको प्रारम्भिक व्यवस्थित विकासमा भासको योगदान उल्लेखनीय रहेको मानिन्छ। भासको जीवनसम्बन्धी निश्चित ऐतिहासिक विवरणहरू उपलब्ध नभए तापनि विद्वान्हरूका अनुसार उनी कालिदासभन्दा पूर्वकालका स्रष्टा थिए भन्ने तथ्य व्यापक रूपमा स्वीकार गरिएको छ। भासका नाटकहरू लामो समयसम्म लुप्त अवस्थामा रहेका थिए। पछि विद्वान्हरूद्वारा तिनको पुनः अन्वेषण भएपछि संस्कृत नाटकको इतिहासमा भासको महत्त्व अझ स्पष्ट रूपमा स्थापित भएको देखिन्छ।

भासद्वारा रचित नाटकहरूको सङ्ख्या सम्बन्धमा विद्वान्हरूबीच विभिन्न मत पाइन्छन्, तथापि प्रचलित मतानुसार उनका करिब तेह्रवटा नाटकहरू उपलब्ध रहेका छन् । भासका प्रमुख नाटकहरूमा स्वप्नवासवदत्तम्, प्रतिज्ञायौगन्धरायणम्, अविमारकम्, बालचरितम्, दूतवाक्यम्, दूतघटोत्कचम्, कर्णभारम्, ऊरुभङ्गम् आदि उल्लेखनीय मानिन्छन्। भासका नाटकहरूको विषयवस्तु प्रायः पौराणिक तथा ऐतिहासिक कथानकहरूमा आधारित पाइन्छ। विशेषतः महाभारत तथा अन्य पौराणिक आख्यानहरूबाट कथानक ग्रहण गरी उनले आफ्ना नाटकहरूको रचना गरेका थिए । उनका नाटकहरूमा कथानकको सशक्तता, पात्रचित्रणको स्पष्टता तथा नाटकीय घटनाहरूको प्रभावकारी प्रस्तुति विशेष रूपमा प्रशंसनीय देखिन्छ। भासको नाट्यशैली सरल, स्वाभाविक तथा प्रभावोत्पादक रहेको पाइन्छ । उनले अनावश्यक आलङ्कारिक जटिलताभन्दा कथानकको प्रवाह तथा नाटकीय प्रभावलाई बढी महत्त्व

दिएका छन् । उनका नाटकहरूमा वीर, करुण तथा रौद्र आदि रसहरूको प्रभावकारी प्रयोग गरिएको पाइन्छ, जसले दर्शक-श्रोताको मनमा गहिरो प्रभाव पार्दछ । यसरी भास संस्कृत नाट्य-परम्पराका एक प्रमुख आधारस्तम्भका रूपमा स्थापित भएका देखिन्छन् । उनका नाट्यकृतिहरूले उत्तरकालीन संस्कृत नाटककारहरूका लागि मार्गदर्शकको भूमिका निर्वाह गरेका छन् ।

**भासका नाटकका विशेषताहरू**

भासका नाटकहरूले संस्कृत नाट्यपरम्परामा विशिष्ट स्थान ओगटेका छन् । उनका नाटकहरूमा वस्तुविन्यास, चरित्रचित्रण तथा नाटकीय घटनाहरूको प्रस्तुति अत्यन्त प्रभावकारी रूपमा गरिएको पाइन्छ । भासका नाटकहरूको प्रमुख विशेषतामध्ये कथानकको सशक्तता उल्लेखनीय मानिन्छ । उनले पौराणिक तथा ऐतिहासिक कथाहरूलाई आधार बनाएर नाटकीय ढङ्गले प्रस्तुत गरेका छन् । कथानकको विकास स्वाभाविक तथा क्रमबद्ध रूपमा अघि बढ्ने भएकाले उनका नाटकहरूमा रोचकता तथा प्रभावोत्पादकता दुवै पाइन्छ । चरित्रचित्रणका दृष्टिले पनि भास अत्यन्त सफल नाटककार मानिन्छन् । उनका नाटकहरूमा पात्रहरूको स्वभाव, मनोविज्ञान तथा व्यवहारलाई स्पष्ट रूपमा चित्रित गरिएको पाइन्छ । विशेषतः नायक-नायिका तथा सहायक पात्रहरूको चरित्रनिर्माण यथार्थपरक तथा प्रभावशाली देखिन्छ, भासका नाट्यकृतिहरूमा ।

भासका नाटकहरूको अर्को महत्त्वपूर्ण विशेषता संवादशैली हो । उनका संवादहरू सरल, स्वाभाविक तथा भावपूर्ण रहेका छन् । संवादहरूको माध्यमबाट पात्रहरूको भाव-अवस्था तथा कथानकको विकास प्रभावकारी रूपमा प्रस्तुत गरिएको पाइन्छ । रसविधानका दृष्टिले भासका नाटकहरू अत्यन्त समृद्ध देखिन्छन् । उनका नाटकहरूमा विशेषतः वीर, करुण तथा रौद्र रसहरूको प्रभावकारी प्रयोग गरिएको पाइन्छ । युद्धसम्बन्धी प्रसङ्गहरूमा वीर रसको प्रयोग, दुःखद घटनाहरूमा करुण रसको प्रस्तुति तथा सङ्घर्षपूर्ण अवस्थाहरूमा रौद्र रसको प्रयोग अत्यन्त प्रभावकारी देखिन्छ । भासले नाटकीय प्रभावलाई बढाउन विभिन्न नाट्यतत्त्वहरूको समुचित प्रयोग गरेका छन् । विशेषतः दृश्यविन्यास, घटनाक्रमको तीव्रता तथा उत्कण्ठाको सृजनामा उनी अत्यन्त सफल देखिन्छन् । उनका नाटकहरूमा कतिपय स्थानमा नाट्यशास्त्रीय परम्पराका नियमका सीमाभन्दा केही भिन्नता पनि पाइन्छ । उदाहरणका रूपमा कतिपय नाटकहरूमा युद्धदृश्य वा दुःखान्त प्रसङ्गहरूको प्रत्यक्ष प्रस्तुति राखिएको पाइन्छ, जुन परम्परागत नाट्यनियमअनुसार प्रायः परोक्ष रूपमा प्रस्तुत गरिने परम्परा थियो । यसप्रकार भासका नाटकहरू परम्परा र नवीनताको समन्वयका दृष्टिले अत्यन्त महत्त्वपूर्ण मानिन्छन् । उनका कृतिहरूले संस्कृत नाट्यपरम्परालाई नवीन दिशा प्रदान गरेका थिए ।

**नाटककार अश्वघोष - व्यक्तित्व र कृतित्व**

प्राक्कालिदासीय संस्कृत साहित्यका महत्त्वपूर्ण नाटककारहरूमध्ये अश्वघोषको नाम विशेष सम्मानका साथ लिइन्छ । उनी केवल नाटककार मात्र नभई कवि, दार्शनिक तथा बौद्ध धर्मका प्रमुख आचार्यका रूपमा पनि प्रसिद्ध रहेका छन् । अश्वघोषको जीवनकाल सामान्यतः पहिलो-दोस्रो शताब्दी ईस्वीको आसपास मानिएको छ । विद्वान्हरूका अनुसार उनी कुषाण सम्राट् कनिष्कका समकालीन थिए भन्ने मत प्रचलित छ ।

अश्वघोषका कृतिहरूमा बौद्ध धर्मसम्बन्धी विचारहरूको प्रभाव स्पष्ट रूपमा देखिन्छ । उनले आफ्ना रचनाहरूका माध्यमबाट बौद्ध धर्मका सिद्धान्तहरू तथा नैतिक आदर्शहरूको प्रचार-प्रसार गर्ने प्रयास गरेका थिए ।

अश्वघोषका प्रमुख कृतिहरूमध्ये बुद्धचरितम् तथा सौन्दरानन्दम् विशेष रूपमा प्रसिद्ध रहेका छन् । यद्यपि यी कृतिहरू मुख्यतः काव्यरूपमा रचित भए तापनि तिनमा नाटकीय तत्त्वहरूको प्रभाव स्पष्ट रूपमा पाइन्छ । कुनैकुनै विद्वान्हरूले अश्वघोषद्वारा रचित केही नाटकहरूको उल्लेख गरेका छन्, तर ती सबै कृतिहरू पूर्ण रूपमा उपलब्ध छैनन् । उपलब्ध अंशहरूका आधारमा उनको नाट्यदृष्टिकोण तथा शैलीबारे आंशिक जानकारी मात्र प्राप्त हुन्छ ।
अश्वघोषको साहित्यिक शैली अत्यन्त गम्भीर, दार्शनिक तथा भावप्रधान रहेको पाइन्छ । उनले धार्मिक तथा नैतिक विचारहरूलाई कलात्मक ढङ्गले प्रस्तुत गर्ने प्रयास गरेका छन् । उनका कृतिहरूमा पात्रहरूको मानसिक अवस्था, आध्यात्मिक चिन्तन तथा नैतिक द्वन्द्वहरूलाई विशेष महत्त्व दिइएको पाइन्छ । यसले उनका नाटकीय उपकरणहरूलाई विशिष्ट तथा प्रभावकारी बनाएको देखिन्छ । अश्वघोषका कृतिहरूले संस्कृत साहित्यमा धार्मिक तथा दार्शनिक विचारहरूको समन्वय गर्ने महत्त्वपूर्ण कार्य गरेका छन् । उनका साहित्यिक योगदानले संस्कृत नाट्यपरम्पराको विकासमा विशेष भूमिका निर्वाह गरेको मानिन्छ ।

**अश्वघोषका नाटकीय विशेषताहरू**

अश्वघोषका कृतिहरूमा नाटकीय तत्त्वहरूको प्रयोग विशिष्ट ढङ्गले गरिएको पाइन्छ । यद्यपि उनका सबै कृतिहरू पूर्ण रूपमा नाट्यस्वरूपमा उपलब्ध छैनन्, तथापि उपलब्ध सामग्रीका आधारमा उनको नाटकीय दृष्टिकोणबारे धारणा बनाउन सकिन्छ । अश्वघोषका कृतिहरूमा विशेषतः दार्शनिक तथा धार्मिक विचारहरूको प्रस्तुति प्रमुख रूपमा पाइन्छ । उनले बौद्ध धर्मका सिद्धान्तहरूलाई साहित्यिक तथा कलात्मक शैलीमा प्रस्तुत गर्ने प्रयास गरेका छन् । यसले उनका कृतिहरूलाई गम्भीर तथा चिन्तनशील स्वरूप प्रदान गरेको देखिन्छ । उनका रचनाहरूमा पात्रहरूको आन्तरिक द्वन्द्व तथा मानसिक अवस्थाको सूक्ष्म चित्रण पाइन्छ । पात्रहरूको मनोवैज्ञानिक अवस्था, आध्यात्मिक चिन्तन तथा नैतिक संघर्षलाई अत्यन्त संवेदनशील ढङ्गले प्रस्तुत गरिएको देखिन्छ । संवाद-शैलीका दृष्टिले अश्वघोषका कृतिहरू गम्भीर, तात्त्विक तथा भावप्रधान रहेका छन् । उनका संवादहरूमा दार्शनिक विचारहरूको गहिरो प्रभाव देखिन्छ, जसले पाठक तथा दर्शकलाई गम्भीर चिन्तनतर्फ प्रेरित गर्दछ ।

रसविधानका दृष्टिले अश्वघोषका कृतिहरूमा शान्त रसको विशेष प्रभाव देखिन्छ । बौद्धदर्शनको प्रभावका कारण वैराग्य, त्याग तथा आत्मसंयमजस्ता भावनाहरूको प्रस्तुति विशेष रूपमा गरिएको पाइन्छ । उनका कृतिहरूमा बाह्य घटनाभन्दा आन्तरिक अनुभूति तथा मानसिक प्रक्रियालाई बढी महत्त्व दिइएको देखिन्छ । यसले उनका नाटकीय उपकरणहरूलाई अन्य नाटककारहरूको भन्दा केही भिन्न तथा विशिष्ट बनाएको छ । यस प्रकार अश्वघोषका नाटकीय तत्त्वहरूले संस्कृत नाट्यपरम्परामा दार्शनिक तथा आध्यात्मिक आयाम थप्ने कार्य गरेका छन् ।

**नाटककार शूद्रक - व्यक्तित्व र कृतित्व**

प्राक्कालिदासीय संस्कृत नाटककारहरूमध्ये शूद्रकको नाम पनि अत्यन्त सम्मानका साथ लिइन्छ । संस्कृत नाट्यपरम्परामा सामाजिक विषयवस्तुको प्रभावकारी प्रस्तुति गर्ने नाटककारका रूपमा शूद्रक विशेष रूपमा प्रसिद्ध रहेका छन् । यद्यपि शूद्रकको जीवनसम्बन्धी निश्चित ऐतिहासिक प्रमाणहरू अत्यन्त सीमित रहेका छन्, तथापि विद्वान्हरूको मतानुसार उनी प्राक्कालिदासीय कालका एक प्रमुख नाटककार थिए भन्ने तथ्य सामान्य रूपमा स्वीकार गरिएको छ । शूद्रकद्वारा रचित मृच्छकटिकम् नाटक संस्कृत नाट्यपरम्पराको अत्यन्त प्रसिद्ध तथा महत्त्वपूर्ण नाटक

मानिन्छ । यो नाटक संस्कृत साहित्यमा सामाजिक जीवनको यथार्थपरक चित्रणका लागि विशेष चर्चित रहेको छ । मृच्छकटिकम्को कथानक मुख्यतः सामाजिक जीवनसँग सम्बन्धित रहेको पाइन्छ । यसमा व्यापारी, ब्राह्मण, वेश्या, चोर तथा अन्य विभिन्न वर्गका पात्रहरूको जीवनपद्धति तथा सामाजिक सम्बन्धहरूको चित्रण गरिएको छ । यस नाटकमा समाजका विभिन्न वर्गहरूका बीचको सम्बन्ध, आर्थिक असमानता तथा सामाजिक व्यवहारका विविध पक्षहरूलाई यथार्थपरक ढङ्गले प्रस्तुत गरिएको देखिन्छ । शूद्रकको नाट्यशैली सरल, स्वाभाविक तथा यथार्थपरक रहेको पाइन्छ । उनले पात्रहरूको दैनिक जीवन, व्यवहार तथा सामाजिक परिस्थितिहरूलाई अत्यन्त प्रभावकारी ढङ्गले चित्रण गरेका छन् । उनका कृतिहरूमा हास्य, करुण तथा शृङ्गार रसहरूको समन्वित प्रयोग गरिएको पाइन्छ । यसले नाटकलाई जीवन्त तथा मनोरञ्जनात्मक बनाएको देखिन्छ । शूद्रकका नाट्य-कृतिहरूले संस्कृत नाट्यपरम्परामा सामाजिक यथार्थको प्रभावकारी प्रस्तुति गर्ने परम्परालाई सुदृढ बनाएको देखिन्छ ।

**शूद्रकका नाटकका विशेषताहरू**

शूद्रकका नाटकहरू संस्कृत नाट्यपरम्परामा सामाजिक यथार्थको सशक्त प्रस्तुति गर्ने कृतिका रूपमा विशेष रूपमा परिचित छन् । उनका नाटकहरूमा समाजका विभिन्न वर्गहरूको जीवनपद्धति, आर्थिक अवस्था तथा सामाजिक सम्बन्धहरूको यथार्थपरक चित्रण गरिएको पाइन्छ । मृच्छकटिकम् जस्तो प्रसिद्ध नाटकका माध्यमबाट शूद्रकले सामाजिक जीवनका विविध पक्षहरूलाई अत्यन्त जीवन्त रूपमा प्रस्तुत गरेका छन् । यस नाटकमा प्रेम, मित्रता, छलकपट, न्याय तथा अन्य सामाजिक विषयहरूको प्रभावकारी चित्रण गरिएको पाइन्छ । शूद्रकका नाटकहरूको प्रमुख विशेषतामध्ये पात्रगत विविधता उल्लेखनीय मानिन्छ । उनका नाटकहरूमा विभिन्न सामाजिक वर्गका पात्रहरूको उपस्थिति पाइन्छ, जसले समाजको बहुआयामिक स्वरूपलाई स्पष्ट रूपमा देखाउँछ । उनका नाटकहरूमा केवल राजदरबार वा उच्च वर्गका पात्रहरू मात्र नभई सामान्य जनजीवनसँग सम्बन्धित पात्रहरूको पनि सशक्त उपस्थिति पाइन्छ । यसले नाटकलाई यथार्थपरक तथा जनजीवनसँग निकट बनाएको देखिन्छ । संवादशैलीका दृष्टिले शूद्रकका नाटकहरू सरल, स्वाभाविक तथा प्रभावकारी रहेका छन् । पात्रहरूको सामाजिक स्तरअनुसारको भाषा प्रयोग गरिएको पाइन्छ, जसले संवादहरूलाई जीवन्त तथा स्वाभाविक बनाएको देखिन्छ ।

रसविधानका दृष्टिले शूद्रकका नाटकहरूमा विशेषतः शृङ्गार, हास्य तथा करुण रसहरूको समन्वित प्रयोग गरिएको पाइन्छ । यसले नाटकलाई मनोरञ्जनात्मक तथा भावपूर्ण दुवै बनाएको देखिन्छ । यिनका नाटकहरूमा घटनाक्रमको विकास क्रमबद्ध तथा रोचक ढङ्गले अघि बढ्ने भएकाले दर्शक तथा पाठकको रुचि अन्त्यसम्म कायम रहन्छ । यसप्रकार शूद्रकका नाटकहरूले संस्कृत नाट्यपरम्परामा सामाजिक यथार्थ तथा जनजीवनको प्रभावकारी प्रस्तुतिका साथ नवीन परम्परालाई सुदृढ बनाएको देखिन्छ ।

**प्राक्कालिदासीय संस्कृत नाटकको समग्र मूल्याङ्कन**

प्राक्कालिदासीय संस्कृत नाट्यपरम्परा संस्कृत साहित्येतिहासको अत्यन्त महत्त्वपूर्ण अध्यायका रूपमा मानिन्छ । यस कालका नाटककारहरूले संस्कृत नाट्यपरम्पराको आधार निर्माण गर्ने कार्य गरेका थिए । भास, अश्वघोष तथा शूद्रकजस्ता नाटककारहरूले आ-आफ्ना विशिष्ट शैली तथा दृष्टिकोणका माध्यमबाट संस्कृत नाट्यपरम्परालाई विविधतापूर्ण तथा समृद्ध बनाएका थिए । भासले पौराणिक तथा ऐतिहासिक कथानकहरूलाई सशक्त नाटकीय शैलीमा

प्रस्तुत गरी संस्कृत नाट्यपरम्परालाई सुदृढ आधार प्रदान गरेका थिए। उनका नाटकहरूमा वस्तुविन्यास, पात्रचित्रण तथा नाटकीय घटनाहरूको प्रभावकारी प्रस्तुति विशेष रूपमा प्रशंसनीय देखिन्छ। अश्वघोषले धार्मिक तथा दार्शनिक विचारहरूको प्रभावकारी प्रस्तुतिका माध्यमबाट संस्कृत नाट्यपरम्परामा आध्यात्मिक आयाम थप्ने कार्य गरेका थिए। उनका कृतिहरूमा मानसिक तथा आध्यात्मिक अनुभूतिहरूको सूक्ष्म चित्रण विशेष रूपमा उल्लेखनीय देखिन्छ। शूद्रकले सामाजिक जीवनका विविध पक्षहरूको यथार्थपरक चित्रण गरी संस्कृत नाट्यपरम्परालाई जनजीवनसँग निकट बनाउने महत्त्वपूर्ण कार्य गरेका थिए। उनका नाटकहरूले समाजका विभिन्न वर्गहरूको जीवनपद्धति तथा सामाजिक सम्बन्धहरूको स्पष्ट चित्रण प्रस्तुत गरेका छन्। यसरी प्राक्कालिदासीय नाटककारहरूले आ-आफ्ना विशिष्ट योगदानद्वारा संस्कृत नाट्य-परम्पराको विकासमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका थिए।

प्राक्कालिदासीय नाटकहरूमा पाइने कथानकको विविधता, पात्रविन्यास, रसविधान तथा शैलीगत विशेषताहरूले उत्तरकालीन संस्कृत नाटककारहरूका लागि सुदृढ आधार तयार पारेका थिए। विशेषतः कालिदासजस्ता महान् नाटककारहरूको नाट्यवैभवको मूल आधार पूर्वकालीन नाटककारहरूको योगदानमा नै निहित रहेको देखिन्छ। भास, अश्वघोष तथा शूद्रकका अतिरिक्त सौमिल्लक, कविपुत्रजस्ता कतिपय नाटककारहरूका नाम पनि उल्लेख भएको पाइन्छ, तर नाट्यकृतिहरूको अभावमा तिनको योगदानको चर्चा कतै पनि भएको पाइन्न। मूलतः संस्कृत नाट्यशेखर महाकवि कालिदास र उनीपछिको संस्कृत नाटकको समृद्ध परम्परामा भास, अश्वघोष तथा शूद्रकजस्ता प्रतिभाहरूको अद्वितीय योगदान रहेको छ। यसकारण प्राक्कालिदासीय संस्कृत नाट्य-परम्पराको अध्ययनविना संस्कृत नाट्येतिहासको पूर्ण बोध सम्भव हुँदैन भन्ने निष्कर्ष निकाल्न सकिन्छ।

**कालिदासले स्थापित गरेको नवनाट्यमान्यता**

संस्कृत नाट्यपरम्परामा भास, अश्वघोष तथा शूद्रक जस्ता पूर्ववर्ती स्रष्टाहरूले नाट्यकलालाई विषयविस्तार, चरित्रचित्रण, संवादयोजना र रसाभिव्यक्तिका दृष्टिले समृद्ध बनाइसकेका थिए। विशेषतः भासका नाटकहरूमा देखिने कथानक-संक्षेपण, नाटकीय द्वन्द्वको तीव्रता, मानवीय भावनाको स्वाभाविक प्रस्तुति तथा शूद्रकको मृच्छकटिकमा पाइने सामाजिक यथार्थ र बहुस्तरीय चरित्रविन्यासले संस्कृत नाट्यपरम्परालाई उच्च आधार प्रदान गरेका थिए। यस तथ्यप्रति सचेत रहेका कालिदासले मालविकाग्निमित्रम्को प्रस्तावनामा "प्रथितयशसां भास-सौमिल्ल-कविपुत्रादीनां प्रबन्धानतिक्रम्य वर्तमानकवेः कालिदासस्य क्रियायां कथं बहुमानः" भन्ने अभिव्यक्तिमार्फत् आफ्ना पूर्वज नाटककारप्रति विनयपूर्ण श्रद्धा प्रकट गरेका छन्। यसबाट कालिदासले आफूलाई परम्पराको उत्तराधिकारीका रूपमा ग्रहण गर्दै पूर्ववर्ती नाट्यसिद्धि र कलात्मक उपलब्धिलाई आदरपूर्वक आत्मसात् गरेको स्पष्ट हुन्छ। यद्यपि कालिदास केवल परम्पराका अनुयायी मात्र होइनन्, उनी त्यसका सर्जनात्मक रूपान्तरणकर्ता पनि हुन्। पूर्ववर्ती नाटककारहरूबाट कथावस्तु, नाट्यसंरचना र रसपरम्पराको प्रेरणा ग्रहण गरे तापनि उनले नाटकलाई काव्यिक सौन्दर्य, प्रकृतिसंवेदना, मनोवैज्ञानिक सूक्ष्मता तथा आदर्श-मानवीय चरित्रनिर्माणको नवीन उचाइमा पुऱ्याए। अभिज्ञानशाकुन्तलम्, विक्रमोर्वशीयम् र मालविकाग्निमित्रम्मा शृङ्गाररसलाई जीवनदर्शनसँग संयोजित गर्दै उनले प्रेमलाई केवल लौकिक आकर्षण नभई मानवीय आत्मविकासको साधनका रूपमा प्रतिष्ठित गरे। साथै प्रकृति र मानवहृदयबीचको तादात्म्य, नारीचरित्रको गरिमामय प्रस्तुति, भाषिक माधुर्य तथा रस-ध्वनिको सूक्ष्म कलात्मक प्रयोग कालिदासीय नाट्यकौशलका विशिष्ट उपलब्धि हुन्। यसरी कालिदासले पूर्वपरम्पराबाट प्राप्त नाट्यविरासतलाई आत्मसात् गर्दै

त्यसमा मौलिक सौन्दर्यचेतना र कलात्मक परिष्कारको समावेश गरी संस्कृत नाटकलाई विश्वसाहित्यकै उच्चतम उपलब्धिहरूमध्ये एक बनाएका छन् । पूर्वाचार्यहरूका नाट्यप्रवृत्तिमा कालिदासले स्वकीय नवनाट्यमान्यताका साथ यवश्वसंस्कृतनाट्यपरम्परालाई शिखरवास प्रदान गराएको वस्तुतथ्य यसरी सत्यापित भएको देखिन्छ ।

## निष्कर्ष

प्रस्तुत अनुसन्धानात्मक अध्ययनबाट प्राक्कालिदासीय संस्कृत नाट्यपरम्पराको ऐतिहासिक तथा साहित्यिक महत्त्व स्पष्ट रूपमा उजागर भएको छ । संस्कृत नाट्यपरम्पराको विकासक्रम वैदिक तथा पौराणिक पृष्ठभूमिबाट प्रारम्भ भई क्रमशः व्यवस्थित तथा परिपक्व स्वरूपमा विकसित भएको छ । यस विकासक्रममा प्राक्कालिदासीय नाटककारहरूको योगदान र कालिदासीय नवनाट्य मान्यता अत्यन्त महत्त्वपूर्ण रहेको छ । भास, अश्वघोष तथा शूद्रकजस्ता प्रमुख नाटककारहरूले आ-आफ्ना विशिष्ट शैली तथा विषयवस्तुका माध्यमबाट संस्कृत नाट्यपरम्परालाई समृद्ध बनाएका थिए । भासका नाटकहरूमा पौराणिक तथा ऐतिहासिक कथानकहरूको प्रभावकारी प्रस्तुति, अश्वघोषका कृतिहरूमा धार्मिक तथा दार्शनिक विचारहरूको गहिरो प्रभाव तथा शूद्रकका नाटकहरूमा सामाजिक जीवनको यथार्थपरक चित्रण विशेष रूपमा उल्लेखनीय छ । हो, यस्ता नाट्यकलाको अनुशीलनपश्चात् कालिदासले स्वकीय नवनाट्यकला स्थापित गरे भने त्यसपछिका संस्कृतनाटककारहरूका लागि पर्याप्त शिल्पगत, भावगत र विधागत प्रेरणा प्राप्त भएको स्पष्ट हुन्छ । यसरी प्राक्कालिदासीय संस्कृत नाट्यपरम्पराले उत्तरकालीन संस्कृत नाटकको विकासका लागि सुदृढ आधार निर्माण गरेको छ । अन्ततः भन्न सकिन्छ कि प्राक्कालिदासीय संस्कृत नाट्यपरम्परा संस्कृत साहित्येतिहासको एक अत्यन्त महत्त्वपूर्ण तथा प्रभावशाली अध्याय हो, जसको सम्यक् अध्ययनद्वारा संस्कृत नाट्यपरम्पराको पूर्ण स्वरूपको बोध सम्भव हुन्छ ।

## सन्दर्भग्रन्थसूची

अश्वघोष (१९७२), *बुद्धचरितम्* (सम्पा. ई. एच. जोन्स्टन), मोतीलाल बनारसीदास ।

अश्वघोष (१९१०), *सौन्दरानन्दम्* (सम्पा. हरप्रसाद शास्त्री ), एशियाटिक सोसाइटी ।

काणे, पाण्डुरङ्ग वामन (१९५१), *History of Sanskrit Poetics,* भाण्डारकर ओरिएण्टल रिसर्च इन्स्टिच्युट ।

कीथ, ए. बी. (१९२४), *The Sanskrit Drama*, क्लेरेन्डन प्रेस ।

दास, उपेन्द्रनाथ (१९६०), *संस्कृत नाटक का इतिहास*, मोतीलाल बनारसीदास ।

द्विवेदी, कपिलदेव (१९८५), *संस्कृत साहित्य का समालोचनात्मक इतिहास*, चौखम्बा विद्याभवन ।

भास (१९१२), *भासनाटकचक्रम्* (सम्पा. टी. गणपति शास्त्री), त्रावणकोर संस्कृत सिरिज ।

मिराशी, वासुदेव विष्णु (१९६२), *Studies in Sanskrit Drama*, नागपुर विश्वविद्यालय प्रकाशन ।

म्याकडोनेल, ए. ए. (१९००), *A History of Sanskrit Literature*, विलियम हाइनम्यान ।

विण्टरनिट्स, मोरित्स (१९८१), *History of Indian Literature -Vol. III,* मोतीलाल बनारसीदास ।